०७६ ०३।२८

# सिन्धुपाल्चोक जिल्ला अदालत

## लिललाम वढावढको सूचना

विगो नं.३३

वादी काठमाण्डौ जिल्ला रामकोट गा.वि.स.वडा नं.२ स्थयायी घर भई हाल काठमाण्डौ जिल्ला नागर्जुन न.पा. वडा नं.८ वस्ने आन्नद पुरी र प्रतिवादी ललितपुर जिल्ला उप.म.न.पा. वडा नं १७ बस्ने विनोद बहादुर खड्का भएको चेक अनादर विगो मुद्दामा काठमाण्डौ जिल्ला अदालतको मिति २०७३/११/१५ को फैसलाले वादीले चेकमा उल्लेखित रू ४८,५०,०००/- (अठचालिस लाख पचास हजार) र भरी भराउ हुँदाका मिति सम्माको व्याज समेत भराई दिने ठहरी फैसला भएकोमा वादीले प्रतिवादीबाट भरी पाउने विगो वापतमा प्रतिवादी विनोद बहादुर खड्काको नाममा दर्ता श्रेस्ता कायम भएको सिन्धुपाल्चोक जिल्ला कालिका गा.वि.स.वडा नं.५ को कि.नं.३४७ ५०८ ३४८ समेतको जग्गा जेथा देखाई सोहि सम्पत्तिबाट मेरो विगो भराई पाउ भनी वादीको निवेदन परी कारवाही भई प्रतिवादीको उक्त सम्पति मिति २०७६/१०/१६ गते दोस्रो पटक यस अदालतमा डाक लिलाम हुने भएकाले डाक वढावढ गरी डाक लिलाम सकार गर्न चाहने सर्वसाधरण सवैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१.डाक लिलाम मिति २०७६/१०/१६ गते हुने भएकोले यस अदालतको तहसिल शाखामा दिनको १०.००बजे देखि कार्यालय समय सम्म डाक लिलाममा वोलकवोल गर्न सकिनेछ ।

२. डाक लिलाम तोकिएको दिन सार्वजनिक विदापरे सो को भोलिपल्ट डाक लिलाम हुनेछ ।

३. मुलुकी देवानी कार्यविधी नियमावली २०७५ को नियम ५७ (घ) र (ज) बमोजिम कायम भएको न्युनतम पंचकृते मूल्यबाट डाक बढाबढ गर्नुपर्नेछ ।

४.कायम भएको न्युनतम पञ्चकृति मुल्याङकन बाट डाक वढावढ गर्नु पर्नेछ।

५.डाक लिलामको बखत वोलकवोल गरेको अङ्कको १० प्रतिशतले हुन आउने रकम सोहि दिन दाखिला गर्नु पर्ने छ। बाँकी बोलकवोल रकम डाक लिलाम भएको मितिले ७ दिन भित्र दाखिला गर्नु पर्ने छ ।७ दिन भित्र बाँकी रकम दाखिला नगरे डाक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाक लिलामको सूचना प्रकाशन गरिनेछ ।

६.डाक लिलाम वढावढ हुँदा सवैभन्दा वढी अंङ्क वोलकवोल गर्नेलाई डाक सकार गराईनेछ।

७.डाक लिलाम सम्वन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहशिल शाखामा सम्पर्का राख्नु होला ।

डाक लिलाम हुने जेथाको विवरण यस प्रकार छ

| सि.नं. | जग्गाधनिको नाम | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विनोद बहादुर खड्का | सिन्धुपाल्चोक | कालिका | ५ | ३४७ ५०८ खेत | प्रति रोपनी रु.१,००,०००/- (एक लाख) |
| २ | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ३४८ पाखो बारी | प्रति रोपनी रु.५०,०००/- (पचास हजार) |